# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौं, वाग्मती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०७८।०१।०१ देखि मिति २०७८।०३।३१सम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानूनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची,  स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामास्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठनात्मक संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

### (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमासेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरुरहेका छन । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । महानगरपलिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोकेबमोजिमस्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

कार्यालय प्रमुखको नाम : राजेश्वर ज्ञवाली

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना : basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेक देहायबमोजिमका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी र निर्देशिकाहरुको परिपालना गरिरहेको छ ।

- काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४
- काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५
- काठमाडौं महानगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५
- काठमाडौं महानगरपालिका सार्वजनिक-निजी साझेदार तथा लगानी ऐन, २०७५
- काठमाडौं महानगरपालिका सहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधी) ऐन, २०७५
- काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५
- काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधी) ऐन, २०७५
- काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५
- काठमाडौं महानगरपालिका विकास समिति ऐन, २०७५
- काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०७७
- काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७७
- काठमाडौं महानगरपालिका वाताबरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७
- काठमाडौं महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७
- काठमाडौं महानगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७७
- काठमाडौं महानगरपालिका सवारी तथा यातायत व्यवस्थापन ऐन, २०७७
- काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७
- काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७
- काठमाडौं महानगरपालिकाको सहरी योजना आयोग गठन तथा सञ्चालन नियमावली,२०७४
- काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४

- काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४
- काठमाडौं महानगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
- काठमाडौं महानगरपालिका पूर्व प्राथमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७३
- महानगरपालिका नगर प्रहरी सम्बन्धी विनियमावली, २०७२
- वडा कार्यालयको प्रशासकीय कार्यविधि, २०७०
- काठमाडौं महानगरपालिका मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७६
- काठमाडौं महानगरपालिका कार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्बन्धी कार्यविधी, २०७४
- काठमाडौं महानगरपालिका स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४
- काठमाडौं महानगरपालिका नगरसभा सञ्चालन कार्यविधि, २०७४
- काठमाडौं महानगरपालिका भवन निर्माण सम्बन्धी कार्यविधि, २०७५
- काठमाडौं महानगरपालिका स्मार्ट सहरी प्रतिस्पर्धा कार्यविधि, २०७५
- काठमाडौं महानगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
- जीवन निर्वाहको लागि पारिश्रमिक कार्यविधि, २०७७
- काठमाडौं महानगरपालिका विपद् कोष (सञ्चालन) कार्यविधि, २०७७
- काठमाडौं महानगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमती, नविकरण तथा स्तरोन्नती सम्बन्धी कार्यविधि, २०७७
- काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०७५

महानगरपालिकाका सम्बद्ध कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ ।

काठमाडौँ महानगरपालिका

महानगर कार्यपालिकाको कार्यालय काठमाडौँ

## स्रोत बमोजिम खर्चविवरण

आ.व. : २०७७/७८अवधी :२०७७/०४/०१-२०७८/०३/३१

| सि.नं. | स्रोत | बजेट रु. | | | | खर्च रु. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| १ | संघीय समानिकरण अनुदान | ० | ७२२८००००० | ० | ७२२८००००० | ० | ६४३८६२१११.१४ | ० | ६४३८६२१११.१४ |
| २ | संघीय शसर्त अनुदानचालु | १२८४०१४००० | ९०५००००० | ० | १३७४५१४००० | ११२६०७२५३९ | ७५०७८९०५ | ० | १२०११५१४४३.४४ |
| ३ | संघीय अन्य अनुदान चालु | ० | ४०७५४७९० | ० | ४०७५४७९० | ० | ० | ० | ० |
| ४ | प्रदेशसमानिकरण अनुदान | ० | २५३८५००० | ० | २५३८५००० | ० | ० | ० | ० |
| ५ | प्रदेश शसर्त अनुदानचालु | ५८११००० | ११९१८९००० | ० | १२५०००००० | ४३५०४१६.८३ | ३१३८९९६२.३२ | ० | ३५७४०३७९.१५ |
| ६ | प्रदेश अन्य अनुदान चालु | ० | २८९८५०००० | ० | २८९८५०००० | ० | ० | ० | ० |
| ७ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १२२२८४००० | १२८८७२००० | २७११२८००० | ५२२२८४००० | ११४८६३१०३.५७ | ४३३०५५५.५२ | ८५०००००० | २०४१९३६५९.०९ |
| ८ | राजस्व बाँडफाँड - संघीय सरकार | २१५०००००० | १८१४४२६२१० | ७०००००००० | २०९९४२६२१० | १३३९३०११८.५१ | ३१२८२९४८५.१९ | ० | ४४६७५९६०३.७ |
| ९ | आन्तरिक श्रोत | ३८३८१९२००० | ५४१३३०८००० | ३००००००० | ९२८१५००००० | २१६९१६५०२३.७२ | १०११८५३३३८.४५ | ० | ३१८१०१८३६२.१७ |
| **जम्मा** | | **५४६५३०१०००** | **८६४५०८५०००** | **३७११२८०००** | **१४४८१५१४०००** | **३५४८३८१२०१.३७** | **२०७९३४४३५७.३२** | **८५०००००** | **५७१२७२५५५८.६९** |

### (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

### (१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ , प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ । सोको प्रगती प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसारउपलब्ध गराउने गरिएको छ । आ.व. २०७७/०७८ मा १८ जना निवेदकहरुलाईसूचना उपलब्ध गराइएको छ ।

**आ.व.०७७।०७८ को सूचना माग विवरण**

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | जीवन खनाल | श्री बुद्दनगर आधारभूत विद्यालयका शिक्षकलाई सरुवा गर्दा का.म.पा.बाट भए गरेको निर्णयहरु सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| २ | मदन मार्चार्य | का.म.पा. २२ नं. वडा कार्यालयमा भूगोलपार्क निर्माणको | सूचना उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | क्रममा भएको निर्णय, शालिक निर्माणको नक्सा र सोको फोटो समेत सम्बन्धी | गराइएको |
| ३ | शारदा भूसाल (झा) | का.म.पा. कार्यालयले संघसंस्था दर्ता, नविकरण दर्ता र अन्य कार्यालयलाई सिफारिश गर्दा कति शुल्क लिने गरेको छ ? सो विवरणको प्रमाणित प्रतिलिपी | सूचना उपलब्ध गराइएको |
| ४ | रुक्शना कपाली | शैक्षिक प्रमाणपत्र, जन्मदर्ता परिचयपत्र सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ५ | संजय अधिकारी | कमल पोखरी निर्माण सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ६ | प्रजु पन्त | कोभिड-१९ रोकथाममा महानगरले गरेको सम्पूर्ण खर्च रकम विवरण सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ७ | अंगराज न्यौपाने समेत | का.म.पा. र एम्बुलेन्स विच भएको सम्झौता, विभिन्न स्थानीय तह, संघ संस्थालाई दिएको आर्थिक सहयोग सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ८ | ईश्वर कुमार मैनाली | महानगर क्षेत्रको पार्किङ सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ९ | विजया कुमारी ढकाल | प्र.अ. छनौट सम्बन्धीको प्राप्ताङ्क सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| १० | सिमा तामाङ | का.म.पा. शहरी योजना आयोग सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| ११ | बविता तामाङ | आ.व.०७४।०७५देखि हालसम्मको घर बहाल कर सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| १२ | इश्वर कुमार मैनाली | का.म.पा. र हिल्स ट्रलीसँगको सम्झैता, एड गुरु एडचरटाइजिङ्गसँगको सम्झौता सहित अन्य माग गरेबमोजिमको सूचनाहरु | सूचना उपलब्ध गराइएको |
| १३ | शिल्पा कर्ण | का.म.पा. का कर्मचारी र जनप्रतिनिधीलाई सवारी सुविधा दिने बारे । | सूचना उपलब्ध गराइएको |
| १४ | कुल प्रसाद घिमिरे | आ.व. २०७४ श्रावण देखि २०७८ असार मसान्तसम्म का.म.पा. ले आन्तरिक तथा संघीय ससर्त रुपमा उपलब्ध गराएको सहायता तथा अनुदानको विवरण सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १५ | अब्दुल वाहिद सिदिकी | टेण्डरको जानकारी सम्बन्धी । | सूचना उपलब्ध गराइएको |
| १६ | यम बहादुर बम | का.म.पा. को भत्ता र अन्य सुविधा सम्बन्धी | सूचना उपलब्ध गराइएको |
| १७ | दुर्गा आचार्य | का.म.पा. कर्मचारी र जनप्रतिनिधीको विवरण ,निजहरुले प्राप्त गरेको सेवा सुविधाको विवरण सहित अन्य माग गरेबमोजिमको सूचनाहरु | सूचना उपलब्ध गराइएको |
| १८ | सञ्जय अधिकारी समेत | का.म.पा. कार्यालयले गरेका वातावरण संरक्षण क्षेत्र सम्बन्धी माग गरेबमोजिमको सूचनाहरु | सूचना उपलब्ध गराइएको |

## २०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।